नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

**मितिः- २०७८।१२।१६**

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्दा उच्च अदालत पाटन, ललितपुरमा मिति २०७८।१२।१६ मा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः**

भारत पश्चिम बंगाल, सिलगुरी थाना स्थायी वतन उल्लेख भई हाल जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नम्बर १३ ताहाचलमा बसोबास गर्ने भारतीय आधारकार्ड नम्बर 7421-4624- 4154, भारतीय राजदूतावास काठमाडौंबाट जारी परिचयपत्र नम्बर ४८/०९ भएका, विमला ईण्टरनेशनल (स्थायी लेखा नम्बर ३०४९२४१०९) को सम्पूर्ण कारोबार गर्ने, वर्ष ३२ का अमितकुमार अग्रवाल ।

२. **कसुरको संक्षिप्त विवरणः** उक्त फर्मले राजस्व चुहावट गर्ने मनसायले कानून वमोजिमको बिजक जारी नगरी Order & Estimate Form/लुज विल/गैर विजक जारी गरी मालसामान बिक्री गरी प्रतिवादीले Order & Estimate Form वाट प्राप्त आयलाई आफ्नो ब्यवसायको आधिकारीक विक्रि आयमा समावेश नगरी ठूलो परिमाणको नगद घरमा राख्ने गरेको साथै आयकर ऐन तथा मुल्य अभिबृद्धि कर ऐन तथा नियमहरु बमोजिम तिर्नुपर्ने कर नतिरी राजस्व चुहावटको कार्य गरेको भनी महानगरीय अपराध महाशाखा मीनभवन, काठमाण्डौको पत्रसाथ प्रतिवादी अमित कुमार अग्रवाललाई यस विभागमा पेश गरेको ।

३. **कायम भएको विगो र सजायको मागदाविः** राजस्व अनुसन्धान (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन २०५२ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४(क) (च) (ज) र (झ) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले सोही ऐनको दफा २(छ१) हुन आउने **मु.अ.कर तर्फ रु. ३,००,१७,०९९।- र आयकर तर्फ रु. ८०,१४,७५३।-** समेत जम्मा हुन आउने कुल विगो रु. **३,८०,३१,८५२।- (अक्षरेपी तीन करोड असी लाख एकतीस हजार आठ सय वाउन्न रुपैया मात्र)** लाई विगो कायम गरी उक्त कायम बिगोको शतप्रतिशत जरिवाना तथा सोही ऐनको दफा २३(१)(ख) बमोजिम हदै सम्मको कैद सजाय तथा निज प्रतिवादीबाट उल्लिखित बिगोमध्ये निजको बासस्थानबाट वरामदित नगद रु.१,५०,००,०००/- (एक करोड पचास लाख मात्र) ऐ. ऐनको दफा २३(१) र २३(२) बमोजिम जफत गरी बाँकी रु.**२,३०,३१,८५२।- (अक्षरूपी दुई करोड तीस लाख एकतीस हजार आठ सय बाउन्न रूपैयाँ)** असूल उपर गर्न राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०५२ दफा २३(१) बमोजिम प्रतिवादी अमितकुमार अग्रवालसँग विगो असूल उपर गरी विगोको शतप्रतिशत जरिवाना तथा सोही ऐनको दफा २३ को उपदफा (१) (क) बमोजिम कैद सजाय हुन मागदावी लिई अभियोग पत्र दायर गरिएको।

| सि.नं. | प्रतिवादी | विगो | जरिवाना | विगो तथा जरिवाना |
|---|---|---|---|---|
| १ | • अमितकुमार अग्रवाल | ३,८०,३१,८५२।- | ३,८०,३१,८५२।- | ७,६०,६३,७०४।- |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**